

# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४३ | अंक ३ | नेपाल राष्ट्र बैंक समाचार | मसिर २०७५ | नोभेम्बर-डिसेम्बर २०१८

## सहुलियतपूर्ण कर्जा सुविधा उपयोग गरी लाभ लिन सकिने

नेपाल राष्ट्र बैंकले नेपाल सरकारबाट स्वीकृत "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" अनुसार बैंक तथा वित्तीय संस्थाहरूबाट लक्षित ऋणीहरूलाई व्याज अनुदान प्राप्त हुने गरी प्रवाह हुने सहुलियतपूर्ण कर्जा सुविधा उपयोग गरी लाभ लिन सम्बन्धित सबैलाई अनुरोध गरेको छ।



उक्त कार्यविधि बमोजिम योग्य र इच्छुक व्यक्तिहरूले आफ्नो अनुकूल शीर्षकमा कर्जा लिई उद्यम तथा व्यवसाय सञ्चालन गर्न तथा सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूले पनि त्यस्ता व्यक्तिहरूलाई नजिकको पायक पर्ने शाखा मार्फत सेवा प्रदान गर्न गराउन बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ कात्तिक २० गते एक सूचना जारी गरेको हो।

कार्यविधि अनुसार प्रति ऋणी रु.५ करोडसम्म प्रवाह हुने व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा, रु.७ लाखसम्म प्रवाह हुने शिक्षित युवा स्वरोजगार कर्जा, रु.१० लाखसम्म प्रवाह हुने विदेशबाट फर्केका युवा परियोजना कर्जा, रु.१० लाखसम्म प्रवाह हुने दलित समुदाय व्यवसाय विकास कर्जा, रु.५ लाखसम्म प्रवाह हुने उच्च र प्राविधिक तथा व्यावसायिक कर्जा र रु.३ लाखसम्म प्रवाह हुने भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जामा ५ प्रतिशत र रु.१५ लाखसम्म प्रवाह हुने महिला उद्यमशील कर्जामा ६ प्रतिशत व्याज अनुदान दिइने छ।

भुक्तानी अवधि बढीमा ५ वर्षको हुने यस्तो कर्जामा बैंक तथा वित्तीय संस्थाले आफ्नो आधारदरमा २ प्रतिशत बिन्दुसम्म थप गरी व्याजदर कायम गर्न सक्ने र व्याज बाहेक अन्य कुनै शुल्क नलाग्ने कार्यविधिमा उल्लेख छ।

यस अन्तर्गत प्रवाह हुने कर्जाको सुरक्षण र परियोजनाको बीमा हुने समेत व्यवस्था छ। १० लाख रुपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य सहुलियतपूर्ण कर्जाहरूको बैंक तथा वित्तीय संस्थाहरूले निक्षेप तथा कर्जा सुरक्षण कोष मार्फत सुरक्षण गराउँदा लाग्ने शुल्कको ७५ प्रतिशत अनुदान उपलब्ध हुनेछ। यसै गरी १० लाख रुपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य सहुलियतपूर्ण कर्जा लिई गरिने व्यवसायको बीमा प्रिमियममा ७५ प्रतिशत अनुदान उपलब्ध हुनेछ।

व्यावसायिक रुपमा गरिएको कृषि तथा पशुपन्छीजन्य व्यवसायका लागि रु.५ करोडसम्म व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा प्रवाह गरिने छ। बैंक तथा वित्तीय संस्थाहरूले रु.१० लाखसम्मको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा सामूहिक जमानीमा र सो भन्दा बढीको कर्जा व्यावसायिक परियोजना धितोमा प्रवाह गर्न सक्नेछन्।

महिलाहरूलाई एकल वा सामूहिक रूपमा उद्यमशील बन्न रु.१५ लाखसम्म प्रवाह हुने कर्जा महिला उद्यमशील कर्जा हो। १८ वर्ष उमेर पूरा भएका महिला वा फरक परिवारका कम्तीमा पाँच जना १८ वर्ष उमेर पूरा भएका महिलाहरूको समूहले सामूहिक जमानीमा यस्तो कर्जा लिन सक्नेछन्।

बाँकी ७ पृष्ठमा

## सबै राष्ट्रिय चाडपर्व तथा दिवसमा नयाँ नोट सटही गरिने

नेपाल राष्ट्र बैंकले दशैं र तिहारका साथै नेपालका सबै राष्ट्रिय चाडपर्व तथा दिवसहरूमा नयाँ नोट सटही गर्ने भएको छ।

बैंकको मुद्रा व्यवस्थापन विभागले २०७५ कात्तिक २६ गते एक सूचना जारी गरी मुलुकका विभिन्न क्षेत्रमा बसोबास गर्ने विविध जातजाति तथा भाषाभाषीहरूले मनाउने विभिन्न चाडपर्व तथा राष्ट्रिय दिवसहरूमा नयाँ नोट सटही गर्ने जनाएको हो।

सूचना अनुसार नववर्ष, उभौली पर्व, बुद्ध जयन्ती, गाईजात्रा, गौरा पर्व, हरितालिका तीज, संविधान दिवस, गणतन्त्र दिवस, इन्द्रजात्रा, जितिया पर्व, तिहार, छठ पर्व, फाल्गुनन्द जयन्ती, गुरु नानक जयन्ती, उद्यौली पर्व, योमरी पुन्ही तथा ज्यापु दिवस, क्रिसमस, ल्होसार, माघी पर्व, महाशिवरात्री, फागु पूर्णिमा, घोडेजात्रा, ईद आदि राष्ट्रिय चाडपर्व तथा दिवसहरूमा पनि नयाँ नोट सटही सुविधा उपलब्ध हुनेछ। नयाँ नोट सटही काठमाडौंमा मुद्रा व्यवस्थापन विभागबाट र काठमाडौं उपत्यका बाहिर नेपाल राष्ट्र बैंकको विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी कार्यालयबाट गर्न सकिने छ।

# वाणिज्य बैंकहरूले परिवर्त्य विदेशी मुद्रामा लिन सक्ने ऋणको सीमा र दायरा वृद्धि

नेपाल राष्ट्र बैंकले नेपाली वाणिज्य बैंकहरूले तोकिएका शर्तहरूको अधीनमा रही विदेशी बैंक तथा वित्तीय संस्थाहरूबाट परिवर्त्य विदेशी मुद्रामा लिन सक्ने ऋणको सीमा र दायरा बढाएको छ।

बैंकको विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ कात्तिक २० गते एक सूचना जारी गरी विदेशी बैंक तथा वित्तीय संस्थाबाट आफ्नो प्राथमिक पुँजीको २५ प्रतिशत रकमसम्म परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्ने सीमालाई बढाएर ५० प्रतिशत पुऱ्याएको हो।

यसैगरी बैंकले २०७४ चैत २० गते लागू गरेको व्यवस्था अनुसार वाणिज्य बैंकहरूले जलविद्युत् उत्पादन तथा प्रसारण लाइन विस्तार, सडक, सुरुङ मार्ग, विमानस्थल, केबलकार, पुल जस्ता भौतिक पूर्वाधार (हाउजिङ, जग्गा विकास जस्ता रियल स्टेटको क्षेत्र बाहेक) निर्माण, विदेशी मुद्रा आर्जन गर्ने पर्यटन, कृषि क्षेत्र र लघु वित्त क्षेत्रमा कर्जा प्रवाह गर्ने प्रयोजनका लागि वित्तीय साधनको प्रबन्ध गर्न यस्तो ऋण लिन सक्नेमा जलविद्युतका साथै सौर्य ऊर्जा र वायु ऊर्जा सहितको नवीकरणीय ऊर्जा उत्पादन तथा प्रसारण लाइन विस्तारका लागि समेत यस्तो ऋण लिन सक्ने गरी दायरा बढाएको छ।

केन्द्रीय बैंकले तोके बमोजिमको पुँजी कोष कायम गरेका बैंकहरूले मात्र यस्तो ऋण लिन सक्ने, यस्तो ऋण लिन सम्बन्धित बैंकको सञ्चालक समितिबाट निर्णय भएको हुनुपर्ने, ऋण दिने विदेशी बैंक तथा वित्तीय संस्थालाई अन्तर्राष्ट्रिय रूपमा वित्तीय कारोबार गर्नमा कुनै किसिमको बन्देज नलगाइएको हुनुपर्ने लगायतका शर्तहरू तोकिएका छन्।

यस्तो ऋणको भुक्तानी अवधि १ वर्षदेखि ५ वर्षसम्मको मात्र हुनुपर्ने तर केन्द्रीय बैंकले स्वीकृति प्रदान गरेको अवस्थामा नवीकरण गर्न सकिने व्यवस्था छ। ऋणदाताले लगाउने अन्य सम्पूर्ण शुल्क (Fee) समेत गरी ऋणको अधिकतम ब्याजदर 6 Month Libor+3% भित्र हुनु पर्नेछ। उक्त ब्याज लागतको सीमाभित्र रहेर कर्जा स्वीकृत गर्ने प्रयोजनको लागि अन्य कुनै शुल्क, कमिशन तिर्न पर्ने भए ऋण प्राप्त भएपछि भुक्तानी दिने गरी व्यवस्था मिलाउन सकिने छ।

यस्तो ऋण लिने प्रयोजनको लागि विदेशी बैंक तथा वित्तीय संस्थालाई कुनै किसिमको धितो, जमानत, बैंक ग्यारेन्टी दिन पाइने छैन। यसरी लिएको ऋणबाट माथि उल्लिखित क्षेत्रहरूमा परिवर्त्य विदेशी मुद्रामा समेत ऋण प्रवाह गर्न सकिने छ तर ऋण रकम परिवर्त्य विदेशी मुद्राको अन्तरबैंक कारोबारमा प्रयोग गर्न पाइने छैन।

यस्तो ऋण लिन केन्द्रीय बैंकबाट पूर्व स्वीकृति लिनु पर्नेछ। ऋण रकम भित्रिसके पश्चात् अनिवार्य रूपमा केन्द्रीय बैंकमा लेखांकन गराउनु पर्नेछ। ऋणको साँवा, ब्याज भुक्तानी गरे पश्चात् सो सम्बन्धमा केन्द्रीय बैंकलाई अविलम्ब जानकारी गराई केन्द्रीय बैंकको अभिलेखमा अद्यावधिक गराउनु पर्नेछ। साथै, ऋणको ब्याज भुक्तानी गर्दा प्रचलित नियमानुसार लाग्ने कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्नेछ। यसै गरी, वाणिज्य बैंकले ऋण रकम भित्र्याउँदा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र नीति नियमको पूर्ण पालना गरेको हुनु पर्नेछ।

# परिवर्त्य विदेशी मुद्रा सटही सुविधामा हेरफेर

नेपाल राष्ट्र बैंकले परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी सामान आयात गर्दा र विदेश भ्रमणमा जाँदा प्रदान गरिने विदेशी मुद्रा सटही सुविधामा हेरफेर गरेको छ।

बैंकको विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ कात्तिक २० गते एक परिपत्र जारी गरी भारत बाहेक तेस्रो मुलुकबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी सामान आयात गर्दा सोको भुक्तानी ड्राफ्ट/टी.टी.बाट गर्न प्रदान गरिने एक पटकको सटही सुविधा सीमा साविकको अमेरिकी डलर ५०,००० (पचास हजार) वा सो बराबरको परिवर्त्य विदेशी मुद्राबाट घटाएर अमेरिकी डलर ३०,००० (तीस हजार) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा कायम गरेको छ।

परिवर्तित व्यवस्था अन्तर्गत एउटा Beneficiary ले भुक्तानी पाउने गरी एउटै Applicant द्वारा अमेरिकी डलर ५०,००० (पचास हजार) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको सटही सुविधा प्रदान गर्ने व्यवस्था रहेकोमा सो सीमालाई पनि घटाएर अमेरिकी डलर ३०,००० (तीस हजार) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा कायम गरिएको छ। साथै, यस सुविधा अन्तर्गत सामान एकमुष्ट सिपमेण्ट हुने प्रतिबद्धता प्राप्त भएमा पटक पटक (Partially) गरी अमेरिकी डलर ५०,००० (पचास हजार) मा नबढ्ने गरी रकम पठाउन सकिने व्यवस्था रहेकोमा सो सीमालाई पनि अमेरिकी डलर ३०,००० (तीस हजार) कायम गरिएको छ।

नयाँ व्यवस्था अनुसार विदेश (भारत बाहेक अन्य मुलुकहरू) भ्रमणमा जाने नेपाली नागरिकहरूलाई राहदानी बापत प्रति पटक बढीमा अमेरिकी डलर १,५०० (एक हजार पाँच सय) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा सटही गरी दिन सकिने छ। यसअघि यस्तो सटही सुविधा अन्तर्गत बढीमा अमेरिकी डलर २,५०० (दुई हजार पाँच सय) सटही हुने व्यवस्था थियो।

यसैगरी, स्थलमार्गबाट चीनको स्वशासित क्षेत्र तिब्बत (नियमानुसार सीमा ओहोर दोहोर गर्ने व्यक्तिहरू बाहेक) र सार्क मुलुकहरू (भारत बाहेक) मा निजी भ्रमणमा जाने व्यक्तिहरूलाई सम्बन्धित देशको प्रवेशाज्ञा (Visa) भएमा एक पटकमा अमेरिकी डलर ५०० (पाँच सय) सम्म र एक आर्थिक वर्षमा अमेरिकी डलर १,००० (एक हजार) सम्मको सटही सुविधा उपलब्ध गराउन सकिने छ। यसअघि यस्तो सटही सुविधा वापत एक पटकमा अमेरिकी डलर १,००० (एक हजार) सम्म र एक आर्थिक वर्षमा अमेरिकी डलर २,००० (दुई हजार) सम्म सटही गर्न पाइन्थ्यो।

साथै, निजी भ्रमणमा बाहेक सरकारी निकाय तथा सार्वजनिक संघ, संस्था, इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था वा अन्य औपचारिक (तालिम, गोष्ठी, बैठक, नेपाल सरकारको तर्फबाट गरिने भ्रमण, केन्द्रीय बैंकबाट स्वीकृत भ्रमण) विदेश (भारत बाहेक) भ्रमणमा जाने व्यक्तिहरूलाई राहदानी वापतको सटही सुविधामा उपर्युक्त सीमा लागु नहुने सूचनामा उल्लेख छ।

## तीन लाख रुपैयाँसम्मको बचत तथा मुद्दति निक्षेपको सुरक्षण अनिवार्य

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो संस्थामा प्राकृतिक व्यक्तिको नाममा बचत तथा मुद्दति खातामा रहेको रु.३ लाखसम्मको निक्षेप निक्षेप तथा कर्जा सुरक्षण कोषसँग सुरक्षण गर्ने गराउने व्यवस्था लागू गरेको छ । यस अघि रु.२ लाखसम्मको बचत तथा मुद्दति निक्षेपको अनिवार्य सुरक्षण गर्नु गराउनु पर्दथ्यो ।

बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ कात्तिक १६ गते जारी गरेको परिपत्र अनुसार यसरी सुरक्षण गराउनु पर्ने रकमलाई वृद्धि गरी क्रमशः रु.५ लाखसम्मको निक्षेप सुरक्षण गराउने व्यवस्था मिलाउनु पर्ने छ। साथै, बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो संस्थामा रहेको रु.३ लाखसम्मको व्यक्तिगत बचत तथा मुद्दति निक्षेपको रकम र त्यस्ता निक्षेपकर्ताको संख्यात्मक विवरण त्रैमासिक रुपमा त्रयमास समाप्त भएको एक महिनाभित्र निक्षेप तथा कर्जा सुरक्षण कोषलाई उपलब्ध गराउनु पर्ने परिपत्रमा उल्लेख छ।

## सवारी साधन कर्जा सम्बन्धी नयाँ व्यवस्था

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूबाट प्राकृतिक व्यक्तिलाई व्यक्तिगत प्रयोजनको लागि सवारी साधन खरिद कर्जा प्रवाह गर्दा सो सवारी साधनको मूल्यको अधिकतम ५० प्रतिशत बराबरको कर्जा प्रवाह गर्न सकिने गरी सीमा तोकेको छ। यस अघि सवारी साधनको मूल्यको ६५ प्रतिशतसम्मको रकम कर्जा प्रवाह गर्न सकिन्थ्यो ।

बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ कात्तिक २० गते जारी गरेको परिपत्र अनुसार व्यक्तिगत विद्युतीय सवारी साधनको हकमा यस्तो सीमा ८० प्रतिशत कायम गरिएको छ । न्यूनतम ४० सिट क्षमताका सार्वजनिक यातायात, निर्माण कार्य एवम् पर्यटन, शिक्षा, स्वास्थ्य र ढुवानी जस्ता सेवाका लागि प्रयोग हुने सवारी साधनको हकमा यो सीमा लागू नहुने परिपत्रमा उल्लेख छ।

# निक्षेप संकलन भन्दा कर्जा प्रवाहको वृद्धिदर बढी

आर्थिक वर्ष २०७५/७६ को तीन महिनामा बैंक तथा वित्तीय संस्थाहरूले संकलन गरेको निक्षेपको वृद्धिदर भन्दा निजी क्षेत्रमा प्रवाह गरेको कर्जाको वृद्धिदर बढी देखिएको छ।

अनुसन्धान विभागले सार्वजनिक गरेको आर्थिक वर्ष २०७५/७६ को तीन महिनाको तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति सम्बन्धी प्रतिवेदन अनुसार सो अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप २.४ प्रतिशतले मात्र बढेको छ भने निजी क्षेत्रमा प्रवाहित कर्जा ७.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ३.८ प्रतिशतले र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ४.६ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७५ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १७.७ प्रतिशतले र कर्जा २५.५ प्रतिशतले बढेको छ।

२०७५ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दति निक्षेपको अंश क्रमशः ८.० प्रतिशत, ३५.० प्रतिशत र ४६.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको असोजको कूल निक्षेपमा यस्तो अंश क्रमशः ८.३ प्रतिशत, ३६.१ प्रतिशत र ४२.५ प्रतिशत रहेको थियो । साथै, बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४३.८ प्रतिशत रहेको छ।

निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह ७.२ प्रतिशतले, विकास बैंकहरूको ८.० प्रतिशतले र वित्त कम्पनीहरूको ३.८ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित आवधिक कर्जा ८.८ प्रतिशतले, ओभरड्राफ्ट कर्जा ४.१ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा १०.१ प्रतिशतले, डिमान्ड तथा चालू पुँजी कर्जा १२.१ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ४.४ प्रतिशतले, मार्जिन प्रकृतिको कर्जा ०.६ प्रतिशतले तथा हायर पर्चेज कर्जा २.८ प्रतिशतले बढेको छ।

२०७५ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६३.१ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १४.४ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैरकृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७४ असोज मसान्तमा यस्तो कर्जाको अनुपात क्रमशः ६१.० प्रतिशत र १४.५ प्रतिशत रहेको थियो ।

समीक्षा अवधिमा कुल आन्तरिक कर्जा ४.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ०.७ प्रतिशतले मात्र बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७५ असोज मसान्तमा यस्तो कर्जा २९.६ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ७.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी ४.८ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७५ असोज मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी २५.२ प्रतिशतले बढेको छ।

# पुनरकर्जाको उपयोग बढ्दो

उत्पादनशील क्षेत्रतर्फ कर्जा लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले नेपाल राष्ट्र बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग आर्थिक वर्ष २०७५/७६ को तीन महिनामा बढेको देखिएको छ।

अनुसन्धान विभागले सार्वजनिक गरेको आर्थिक वर्ष २०७५/७६ को तीन महिनाको तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति सम्बन्धी प्रतिवेदन अनुसार २०७५ असोज मसान्तसम्ममा रु.१८ अर्ब ५ करोड पुनरकर्जा लगानीमा रहेको छ।

भूकम्प पीडितहरूलाई बढीमा २.० प्रतिशत ब्याजदरमा आवासीय घर निर्माण कर्जा प्रदान गर्न केन्द्रीय बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूलाई शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७५ असोज मसान्तसम्ममा रु.२ अर्ब १७ करोड पुनरकर्जा प्रदान गरिएको छ। यस्तो कर्जा १,२७४ जना ऋणीले उपयोग गरेका छन्।

२०७५ असोज मसान्तसम्ममा नेपाल सरकारबाट ५ प्रतिशत ब्याज अनुदानमा प्रवाह गरिने कृषि तथा पशुपन्छी व्यवसाय कर्जा ९,५६३ जना ऋणीले उपयोग गरेका छन्। यस अन्तर्गत रु.१४ अर्ब १२ करोड कर्जा बक्यौता रहेको छ भने रु.६७ करोड ९२ लाख ब्याज अनुदान प्रदान गरिएको छ।

# नवनियुक्त सहायक निर्देशकहरूको पूर्वसेवाकालीन तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले बैंकका नवनियुक्त सहायक निर्देशकहरूको लागि सञ्चालित पूर्वसेवाकालीन तालिम २०७५ कात्तिक ८ देखि १४ गतेसम्म काठमाडौंस्थित National Banking Institute (NBI) को सभाहलमा सम्पन्न गर्‍यो ।

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले २०७५ कात्तिक ८ गते एक समारोहका बीच तालिमको उद्घाटन गर्नुभयो । सो अवसरमा उहाँले बैंकमा नवप्रवेशी अधिकृतहरूलाई बधाई दिँदै देशको वित्तीय क्षेत्रको नियामक निकाय रहेको बैंकका सबै विभाग तथा कार्यालयहरूको काम उत्तिकै महत्वपूर्ण रहेको चर्चा गर्नुभयो ।

नेपाल राष्ट्र बैंक जस्तो गरिमामय संस्थामा लगनशील र इमान्दार भई कार्य गरेमा उच्च तहसम्म पुगी सेवा गर्न सकिने धारणा व्यक्त गर्दै उहाँले बैंकको काम कारवाही अनुशासित भई सम्पादन गर्न नवप्रवेशी अधिकृतहरूलाई निर्देशन समेत दिनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारी, निर्देशकद्वय तुलसीप्रसाद घिमिरे र गुरुप्रसाद पौडेल तथा NBI का प्रमुख सञ्जीव सुब्बाको समेत उपस्थिति रहेको उक्त उद्घाटन समारोहमा केन्द्रका प्रमुख तथा निर्देशक मुक्तिनाथ सापकोटाले तालिमको उद्देश्य तथा महत्वमाथि प्रकाश पार्नुभएको थियो ।

यसै गरी डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यमा २०७५ कात्तिक १४ गते तालिमको समापन समारोह आयोजना गरियो । सो अवसरमा डेपुटी गभर्नर श्रेष्ठले केन्द्रीय बैंक जस्तो गरिमामय संस्थामा प्रवेश गरेकोमा नवप्रवेशी अधिकृतहरूलाई बधाई दिनुका साथै पदस्थापन भएको कार्यालयमा गई जिम्मेवारी एवम् निष्ठापूर्वक कार्य सम्पादन गर्न र कर्तव्य पालना गर्न निर्देशन दिनुभयो ।

समारोहमा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक भण्डारी, निर्देशकद्वय घिमिरे तथा पौडेल, केन्द्रका प्रमुख तथा निर्देशक सापकोटा र NBI का प्रमुख सुब्बाको पनि उपस्थिति रहेको थियो ।



## अधिकृत विशिष्टको सरुवा

कार्यकारी निर्देशकहरू अनुसन्धान विभागका नरबहादुर थापा राष्ट्र ऋण व्यवस्थापन विभागमा, वित्त व्यवस्थापन विभागका सुनिल उदास वित्त कम्पनी सुपरिवेक्षण विभागमा, वित्त कम्पनी सुपरिवेक्षण विभागका ऋषिकेश भट्ट वित्त व्यवस्थापन विभागमा र राष्ट्र ऋण व्यवस्थापन विभागका डा. गुणाकर भट्ट अनुसन्धान विभागमा सरुवा हुनुभएको जनशक्ति व्यवस्थापन विभागको २०७५ कात्तिक २० गतेको परिपत्रमा जनाइएको छ ।

## पौड्याल र डा. भट्ट अधिकृत विशिष्ट पदमा बढुवा

बैंकमा प्रशासन सेवातर्फ रिक्त रहेको कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) पद पूर्ति गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संसोधन समेत) बमोजिम संस्थागत योजना विभागका कायम मुकायम कार्यकारी निर्देशक प्रदिपराज पौड्याललाई कार्यकारी निर्देशक पदमा बढुवा गर्ने निर्णय गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ असोज १८ गतेको सूचनामा जनाइएको छ । यसअघि उहाँ २०७५ असोज ११ गतेदेखि अनुसन्धान विभागको निर्देशकबाट संस्थागत योजना विभागको कार्यकारी निर्देशकमा कायम मुकायम मुकर्रर हुनुभएको थियो ।

यसै गरी सोही विनियमावली बमोजिम राष्ट्र ऋण व्यवस्थापन विभागका कायम मुकायम कार्यकारी निर्देशक डा. गुणाकर भट्टलाई कार्यकारी निर्देशक पदमा बढुवा गर्ने निर्णय गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ कात्तिक ६ गतेको सूचनामा जनाइएको छ । यसअघि उहाँ २०७५ असोज २१ गतेदेखि अनुसन्धान विभागको निर्देशकबाट राष्ट्र ऋण व्यवस्थापन विभागको कार्यकारी निर्देशकमा कायम मुकायम मुकर्रर हुनुभएको थियो ।

उहाँहरू दुवैलाई समाचार बधाई ज्ञापन गर्दछ ।

## अधिकृत प्रथम पदमा बढुवाका लागि सिफारिस

बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको निर्देशक (अधिकृत प्रथम) पद संख्या ११ (एघार) मूल्यांकन बढुवाको माध्यमद्वारा पूर्ति गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) बमोजिम बैंकको उप-निर्देशक (अधिकृत द्वितीय) पदमा कार्यरत बैंक सुपरिवेक्षण विभागका राजनविक्रम थापा, विकास बैंक सुपरिवेक्षण विभागका राजेन्द्र भट्टराई, अनुसन्धान विभागका हिमप्रसाद न्यौपाने, भुक्तानी प्रणाली विभागका आनन्द पौडेल, बैंक तथा वित्तीय संस्था नियमन विभागका नरेन्द्रसिंह विष्ट, बैंकर्स प्रशिक्षण केन्द्रका मुक्तिनाथ सापकोटा, राष्ट्र ऋण व्यवस्थापन विभागका सुष्मा रेग्मी (रिजाल), गभर्नरको कार्यालयका गोविन्दप्रसाद नागिला, सामान्य सेवा विभागका रुद्रबहादुर घिमिरे, बैंकिङ कार्यालयका विनिता विष्ट तथा आन्तरिक लेखापरीक्षण विभागका मीना पाण्डेलाई निर्देशक (अधिकृत प्रथम) पदमा बढुवाका लागि सिफारिस गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ कात्तिक ३० गतेको सूचनामा जनाइएको छ ।

उहाँहरू सबैलाई समाचार बधाई ज्ञापन गर्दछ ।

# सिन्धुली बजारमा आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी अन्तरक्रिया सम्पन्न

डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यमा जनकपुर कार्यालयले २०७५ कात्तिक १५ गते समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी अन्तरक्रिया सिन्धुली जिल्लाको सिन्धुली बजारमा सम्पन्न गर्‍यो ।

जनकपुर कार्यालयको कार्यक्षेत्र भित्रका बैंक तथा वित्तीय संस्थाका प्रमुखहरू, उद्योगी एवम् व्यवसायी र अन्य सरोकारवाला पक्षहरू बीच सो क्षेत्रको आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धमा छलफल गर्न आयोजित उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर श्रेष्ठले नेपाललाई समुन्नत र सम्पन्न राष्ट्र बनाउन सर्वसाधारणलाई तल्लो तहदेखि नै बैंकिङ गतिविधिमा सहभागी गराउनु पर्ने खाँचो औंल्याउनु भयो । यसका लागि वित्तीय साक्षरताको माध्यमबाट सबै पक्ष हातेमालो गरी सामूहिक प्रयासबाट राष्ट्र निर्माणमा सहभागी हुनुपर्ने बताउनु भयो ।

कार्यक्रमको सभापतित्व जनकपुर कार्यालयका निर्देशक नरेश शाक्यले गर्नुभएको थियो । सो अवसरमा उहाँले सिन्धुली जिल्ला आन्तरिक पर्यटकका निमित्त आकर्षक गन्तव्य क्षेत्रको रुपमा विकसित हुँदै गइरहेको चर्चा गर्दै व्यवसायी तथा उद्योगीहरूले आन्तरिक पर्यटकको आगमनलाई बढावा दिन नयाँ होटल तथा मनोरञ्जनको क्षेत्रमा लगानी बढाउन आवश्यक रहेको बताउनु भयो ।

अन्तरक्रियामा सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष अमरेशचन्द्र बैदारले सिन्धुली जिल्लामा रहेका बैंक तथा वित्तीय संस्थाहरूले सबै प्रकारका बैंकिङ सेवा सुविधा उपलब्ध नगराएका कारण सेवाग्राहीहरूलाई मर्का परेको बताउनु भयो ।

सिन्धुली जुनार विकास संघका उपाध्यक्ष अर्जुन कोइरालाले बैंक तथा वित्तीय संस्थाहरूले ग्रामिण भेगमा सहुलियतपूर्ण कृषि कर्जा प्रवाह गर्न इच्छा नदेखाएको कारण सो क्षेत्रका कृषकहरू मारमा परिरहेको उल्लेख गर्नुभयो ।

जिल्ला समन्वय समिति सिन्धुलीका प्रशासकीय अधिकृत ज्ञानेन्द्र पराजुलीले सिन्धुली जिल्लाका सबै स्थानीय तहमा बैंक शाखा नपुगेको र सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूले पनि सुलभ रुपमा कार्य गर्न नसकेको बताउनु भयो ।




कार्यक्रममा अन्तरक्रिया सञ्चालन गर्नुको उद्देश्य र औचित्यमाथि प्रकाश पार्दै जनकपुर कार्यालयका उप-निर्देशक सञ्जिबकुमार झाले सिन्धुली जिल्लाको आर्थिक गतिविधि सम्बन्धी जिल्लागत तथ्यांक प्रस्तुत गर्नुभएको थियो ।

जनकपुर कार्यालयका सहायक निर्देशक रामबिलास महतोले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा सिन्धुली जिल्लाका बैंक तथा वित्तीय संस्थाका प्रमुखहरू, उद्योगी, व्यवसायी, स्थानीय तहका प्रतिनिधिहरू, प्राध्यापक तथा शिक्षकहरू गरी ५५ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रमको सञ्चालन कार्यालयका सहायक सुरेश रेग्मीले गर्नुभएको थियो ।

# जनकपुर कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यमा जनकपुर कार्यालयले २०७५ कात्तिक १६ गते कार्यालयको सभाहलमा अधिकृत तथा कर्मचारीहरू बीच ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गर्‍यो ।

कार्यक्रममा डेपुटी गभर्नर श्रेष्ठले व्यवस्थापन र युनियनहरूबीच घनिष्ठ अन्तरसम्बन्ध रहेको र कर्मचारी युनियन व्यवस्थापनको तेस्रो आँखाको रूपमा रहेको चर्चा गर्दै सेवाग्राहीहरूलाई छिटो छरितो ढंगबाट मुस्कान सहितको सेवा प्रदान गर्न कार्यालयका अधिकृत तथा कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रमका सभापति तथा जनकपुर कार्यालयका निर्देशक नरेश शाक्यले डेपुटी गभर्नर श्रेष्ठलाई कार्यालयमा स्वागत गर्दै कार्यालयमा भए गरेका समग्र गतिविधिबारे प्रकाश पार्नुभयो । सो अवसरमा उहाँले जनकपुरमा बैंक तथा वित्तीय संस्थाहरूको चाप बढ्दै गएको उल्लेख गर्दै जनकपुर कार्यालयमा जनशक्ति व्यवस्थापन चुनौतीपूर्ण रहे तापनि कार्यरत जनशक्तिबाट अधिकतम उपलब्धि हासिल गर्न लागिपरेको बताउनु भयो ।

साथै, उहाँले ज्ञान आदानप्रदान कार्यक्रममा समसामयिक आर्थिक, मौद्रिक, बैंकिङ तथा वित्तीय क्षेत्रमा भए गरेका विषयवस्तुको प्रस्तुति हुने भएकोले यसले दक्षता अभिवृद्धि तथा सिप विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो ।

कार्यक्रममा जनकपुर कार्यालयका प्रधान सहायकद्वय शिवनारायण झा र गंगेशकुमार झाले संयुक्त रुपमा "नेपाल राष्ट्र बैंक र कर्मचारी युनियनबीचको अन्तरसम्बन्ध" विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो । उहाँहरूले युनियनकर्मीको रुपमा आफ्नो अनुभव, नेपाल राष्ट्र बैंक र कर्मचारी युनियनबीचको अन्तरसम्बन्ध तथा कर्मचारी युनियन र व्यवस्थापन बीच देखापरेका समस्या र सुझाव लगायतका विषयमा धारणा राख्नुभएको थियो ।

उक्त कार्यक्रममा डेपुटी गभर्नर श्रेष्ठले फूलमाला लगाई तथा निर्देशक शाक्यले मायाको चिनो प्रदान गरी जनकपुर कार्यालयबाट सरुवा हुनुभएका सहायक निर्देशक पुष्करराज भट्टराईलाई विदाई गर्नुभएको थियो भने नयाँ नियुक्ति भई जनकपुर कार्यालयमा पदस्थापन भएका सहायक निर्देशक अनिलकुमार झालाई स्वागत गर्नुभएको थियो ।

कार्यालयका सम्पूर्ण अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको उक्त कार्यक्रम कार्यालयका सहायक सुजनकुमार विश्वकर्माले सञ्चालन गर्नुभएको थियो ।

# वित्तीय समावेशीकरणका लागि वित्तीय साक्षरता



रामकाजी खाइजू, सहायक निर्देशक

देशको हरेक भौगोलिक तथा आर्थिक क्षेत्रमा बसोबास गर्ने युवा, महिला, बालबालिका, वृद्धवृद्धा, मजदुर, किसान, दलित, जनजाति लगायत सबैमा आधारभूत वित्तीय सेवा तथा सुविधाहरू नियमित रूपमा उपलब्ध हुने अवस्थालाई वित्तीय समावेशीकरण भनिन्छ । ती आधारभूत वित्तीय सेवा तथा सुविधाहरूको यथोचित ज्ञान, सिप तथा जानकारी प्रदान गरी ती सेवा सुविधा उपभोग गर्न उत्प्रेरित गर्नु र सक्षम बनाउनु चाहिँ वित्तीय साक्षरता हो । वित्तीय समावेशीकरणका लागि लक्षित वर्गमा आयआर्जन, बचत, भुक्तानी सेवा, रकमान्तर, कर्जा, बीमा, बैंकिङ, विप्रेषण जस्ता आधारभूत वित्तीय सेवा सुविधाहरूको बारेमा जानकारी हुनु आवश्यक हुन्छ । जबसम्म लक्षित वर्गले यी लगायतका आधारभूत वित्तीय सेवा सुविधाहरूको जानकारी तथा ज्ञान हासिल गर्दैनन् तबसम्म उनीहरूले ती सेवा सुविधाहरू उपयोग गर्न सक्दैनन् । तसर्थ, वित्तीय समावेशीकरणका लागि वित्तीय सेवा सुविधाको उपलब्धताका साथै लक्षित वर्गबाट ती सेवा सुविधाको उपयोग गरेको हुनु पर्दछ । सारांशमा भन्नु पर्दा वित्तीय समावेशीकरण बढाउन वित्तीय सेवा सुविधाहरूको उपलब्धताका साथै ती सेवा सुविधा उपयोग गर्न सक्ने वातावरण सिर्जना गर्नु पर्दछ । अर्थात् वित्तीय सेवा सुविधाहरूको माग र आपूर्ति दुवै पक्षलाई सम्बोधन गरेर मात्र वित्तीय समावेशीकरण सफल बनाउन सकिन्छ ।

केही वर्ष पहिले गरिएको एक अध्ययनले नेपालको आर्थिक रुपले सक्षम कुल जनसंख्या मध्ये ४० प्रतिशतले मात्र औपचारिक बैंकिङ सेवा सुविधा उपयोग गर्ने गरेको, २१ प्रतिशतले चाहिँ अन्य संघसंस्थाबाट वित्तीय सेवा लिने गरेको र झण्डै ४० प्रतिशत वयस्क जनसंख्या कुनै पनि वित्तीय सेवा सुविधाबाट विमुख रहेको देखाएको थियो ।

यसका साथै मुलुकमा लागू भएको संघीय संरचना समेतलाई दृष्टिगत गरी देशमा वित्तीय पहुँच बढाउन नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूको शाखा कार्यालय स्थापना सम्बन्धी नीति केही वर्ष अघिदेखि खुकुलो बनाउँदै ल्याएको छ । देशका प्रत्येक स्थानीय तहमा वाणिज्य बैंकको एउटा शाखा कार्यालय स्थापना गर्ने गरी कार्य अगाडि बढाएको छ । पछिल्लो चरणमा आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीति मार्फत देशमा बैंकिङ सेवाको पहुँच थप सरल र सहज बनाउन बैंक तथा वित्तीय संस्थाहरूको शाखा कार्यालय खोल्ने नीतिमा परिवर्तन गरी महानगरपालिका र उपमहानगरपालिका बाहेकका स्थानमा शाखा कार्यालय खोल्न स्वीकृति लिनु नपर्ने व्यवस्था गरेको छ ।

पछिल्लो ६ वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको शाखा सञ्जाल विस्तारको तथ्यांक हेर्दा शाखा कार्यालय स्थापना गर्ने नीतिगत व्यवस्थामा गरिएको सुधारसँगै बैंक तथा वित्तीय संस्थाहरूको शाखा कार्यालय स्थापना कार्यले गति लिएको पाइन्छ (हेर्नुस् तालिका) ।

**विगत ६ वर्षको बैंक तथा वित्तीय संस्थाहरू र तिनीहरूको शाखा संख्या**

| आर्थिक वर्ष | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|
| बैंक/वित्तीय संस्थाको संख्या | २०७ | २०४ | १९३ | १७९ | १४९ | १५१ |
| शाखा कार्यालयको संख्या | ३,१३८ | ३,४३० | ३,८३८ | ४,२७२ | ५,०६८ | ६,६५१ |

२०७० असार मसान्तमा देशमा सञ्चालित २०७ वटा बैंक तथा वित्तीय संस्थाहरूले ३,१३८ वटा शाखा कार्यालय मार्फत बैंकिङ सेवा सुविधा उपलब्ध गराएकोमा २०७५ असार मसान्तमा तिनीहरूको शाखा संख्या दोब्बर भन्दा बढी ६,६५१ पुगेको थियो । २०७४ असार मसान्तमा नेपालका कुल ७५३ स्थानीय तहमध्ये २९६ स्थानीय तहमा मात्र वाणिज्य बैंकको शाखा विस्तार भएकोमा २०७५ असार मसान्तमा ६३१ स्थानीय तहमा, २०७५ असोज मसान्तमा ६७७ स्थानीय तहमा र २०७५ कात्तिक मसान्तमा अझ बढेर ६८२ स्थानीय तहमा शाखा विस्तार भए । बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालय संख्या २०७४ र २०७५ असार मसान्तमा क्रमशः ५,०६८ र ६,६५१ रहेकोमा २०७५ असोज मसान्तमा ७,०१४ र २०७५ कात्तिक मसान्तमा अझ बढेर ७,२१८ पुग्यो ।

यसरी देशमा बैंक तथा वित्तीय संस्थाहरूको शाखा कार्यालय वृद्धिसँगै वित्तीय पहुँच बढ्नुका साथै आधारभूत र नयाँ नयाँ वित्तीय सेवा सुविधाहरूको उपलब्धता पनि बढ्दै गएको छ । तर वित्तीय पहुँच र वित्तीय सेवा सुविधाको वृद्धिसँगै यसको उपयोग अर्थात् माग पक्ष त्यति प्रभावकारी हुन सकेको छैन । ग्रामीण क्षेत्रका मात्र होइनन् शहरी क्षेत्रका सर्वसाधारणहरू पनि बैंक तथा वित्तीय संस्थाहरूमा जान हिच्किचाउने प्रवृत्ति अझै कायम छ । बैंक तथा वित्तीय संस्थाहरूमा त व्यापारी, उद्योगी, व्यवसायी, जागिरे र ठूला मान्छे मात्र जाने हो भन्ने भ्रम अझै पनि कतिपय ठाउँमा व्याप्त छ । बैंक तथा वित्तीय संस्थाहरू सर्वसाधारण सबैको हित र सेवा सुविधाका लागि खोलिएका हुन भन्ने जानकारी सबैमा दिन सके वित्तीय पहुँच बढाई वित्तीय समावेशीकरण अभिवृद्धिमा ठूलो मद्दत मिल्ने देखिन्छ । यस अर्थमा वित्तीय समावेशीकरणका लागि वित्तीय साक्षरता महत्वपूर्ण रहेको देखापर्दछ ।

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिमा देशमा वित्तीय साक्षरता न्यून रहेको कारणबाट वित्तीय सेवा प्रवाह प्रभावकारी हुन नसकेको तथ्यलाई दृष्टिगत गरी यस सम्बन्धमा राष्ट्रिय रणनीति तयार गर्ने नीति लियो । आर्थिक वर्ष २०६९/७० को मौद्रिक नीतिमार्फत विभिन्न समुदायका व्यक्ति तथा जनसाधारणमा वित्तीय साक्षरता अभिवृद्धि गरी वित्तीय क्षेत्रमा समावेशीकरण, सुशासन र सन्तुलित विकास हासिल गर्न विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै वित्तीय साक्षरताको वर्तमान अवस्था र समस्या सम्बन्धमा अध्ययन गरी राष्ट्रिय वित्तीय साक्षरता नीति (National Financial Literacy Policy) तर्जुमा गर्ने कार्यक्रम ल्यायो । सोही आर्थिक वर्षदेखि नेपाल राष्ट्र बैंकले देशका विभिन्न स्थानमा वित्तीय साक्षरता अभिवृद्धिका लागि विविध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ । यस अन्तर्गत बैंकले विभिन्न विभाग तथा कार्यालयमार्फत वित्तीय चेतना अभिवृद्धि कार्यक्रम, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ र अन्य संघसंस्था मार्फत वित्तीय

साक्षरता अभिवृद्धि कार्यक्रम, गभर्नरको कार्यालय र सम्बन्धित शिक्षण संस्थाको आयोजनामा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम, वित्तीय चेतनामूलक साइकल ऱ्याली र वित्तीय जागरण कार्यक्रम सञ्चालन तथा वित्तीय चेतनामूलक सन्देश समावेश रहेको सूचना प्रकाशन एवम् जिंगल प्रसारण लगायतका कार्यहरू भइरहेका छन् । देशको विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रमा सञ्चालन गरिएका यी कार्यक्रमहरूमा सहभागी हुने युवा, महिला, बालबालिका, वृद्धवृद्धा, मजदुर, किसान, दलित, जनजाति लगायतका सर्वसाधारणमा आयआर्जन, बचत, भुक्तानी सेवा, रकमान्तर, कर्जा, बैंकिङ, बीमा, विप्रेषण जस्ता आधारभूत वित्तीय सेवा सुविधाहरूको बारेमा जानकारी तथा ज्ञान सञ्चार भई बैंक तथा वित्तीय संस्थाहरूले उपलब्ध गराउने वित्तीय सेवा सुविधाको माग पक्ष थप प्रभावकारी भएको महसुस गरिएको छ ।

वित्तीय समावेशीकरण एवम् वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्न नेपाल राष्ट्र बैंकले अघि सारेका कार्यक्रमहरूसँगै बैंक तथा वित्तीय संस्थाका ग्रामीण शाखाहरूलाई समेत वित्तीय साक्षरता एवम् सचेतना अभिवृद्धि गर्ने कार्यमा प्रोत्साहित गर्ने र वित्तीय साक्षरता कार्यक्रमलाई एउटा अभियानकै रुपमा देशभर सञ्चालन गर्ने नेपाल राष्ट्र बैंकको नीतिलाई सबै बैंक तथा वित्तीय संस्थाहरूले विभिन्न स्थानमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी सहयोग गरिरहेका छन् । बैंक तथा वित्तीय संस्थाहरूले नयाँ शाखा कार्यालय स्थापना गर्ने क्रममा ती ठाउँका सर्वसाधारणलाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी वित्तीय सेवा सुविधा उपभोगमा जागरुक र प्रोत्साहित गरिरहेका छन् ।

वित्तीय साक्षरता अभियानलाई थप प्रभावकारी बनाउन नेपाल राष्ट्र बैंकले पैसाको बोट, विद्यार्थीसँग नेपाल राष्ट्र बैंक, Nepal Rastra Bank: Then, Now and Ahead नामका पुस्तकहरू प्रकाशन गरी वितरण गर्नुका साथै वित्तीय चेतनामूलक ६ वटा गीतहरूको एल्बम पनि निकालेको छ। यसैगरी वित्तीय चेतना बढाउन ग्रामीण र शहरी क्षेत्रका सर्वसाधारणलाई लक्षित गरी दुई वटा सूचनामूलक सामग्री टेलिभिजनबाट प्रसारण गरेको छ । बैंकबाट वित्तीय साक्षरता रणनीति (Financial Literacy Strategy) तर्जुमा गरी स्वीकृति र कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गरिसकेको छ भने बैंकको वित्तीय साक्षरता ढाँचा (Financial Literacy Framework) र वित्तीय साक्षरता सम्बन्धी नयाँ पुस्तक तयार गर्ने कार्य भइरहेको छ । यसरी नेपाल राष्ट्र बैंकले देशमा वित्तीय समावेशीकरण अभिवृद्धि गर्न बैंक तथा वित्तीय संस्थाहरूको पहुँच एवम् वित्तीय सेवा सुविधाहरूको उपलब्धता वृद्धि गर्ने र ती सेवा सुविधाहरूको उपयोग गर्ने सर्वसाधारणको जमात वृद्धि गर्ने कार्यको रुपमा वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रमलाई विगत पाँच वर्षदेखि निरन्तर सञ्चालन गरिरहेको छ। यस अभियानलाई बैंक तथा वित्तीय संस्थाहरू, अन्य संघसंस्थाहरू, शिक्षण संस्थाहरूका साथै सर्वसाधारणहरूबाट पनि सहयोग प्राप्त भइरहेको छ । बैंकिङ तथा वित्तीय सेवाको माग पक्षलाई प्रभावकारी र सशक्त बनाउन सकिए मात्र उपलब्ध वित्तीय सेवा सुविधाको उपयोगमा बढोत्तरी ल्याउन सकिने र वित्तीय पहुँच वृद्धिको माध्यमबाट देशमा वित्तीय समावेशीकरणलाई बढावा दिन सकिने हुन्छ । तसर्थ, यस कार्यलाई देशको केन्द्रीय बैंकले अझै केही वर्ष प्रभावकारी रुपमा निरन्तर सञ्चालन गर्नुको विकल्प देखिँदैन ।

## सहुलियतपूर्ण कर्जा...

वैदेशिक रोजगारीबाट फर्केका युवालाई स्वदेशमा उद्यम व्यवसाय सञ्चालन गर्न परियोजना धितोमा रु.१० लाखसम्म विदेशबाट फर्केका युवा परियोजना कर्जा प्रवाह गर्न सकिने छ। श्रम स्वीकृति प्राप्त गरी वा नगरी कुनै पनि देशमा कम्तीमा ६ महिना सम्बन्धित तालिम/पेशा/व्यवसाय/क्षेत्रमा काम गरी नेपाल फर्केको तर विदेशबाट फर्केको ३ वर्ष व्यतीत नभएको व्यक्तिले यस्तो कर्जा प्राप्त गर्न सक्छन् ।

दलित समुदायका व्यक्तिहरूलाई समूहमा वा एकल रुपमा रु.१० लाखसम्म प्रवाह हुने दलित समुदाय व्यवसाय विकास कर्जा सम्बन्धित नगरपालिका वा गाउँपालिकाले दलित भनी सिफारिस गरेको जनजातिलाई मात्र प्रवाह गरिन्छ। यस्तो कर्जा दलित जातजाति भित्रको १८ वर्ष उमेर पूरा भएको वा समूहको हकमा उक्त जातजाति भित्रका फरक परिवारका कम्तीमा पाँच जना १८ वर्ष उमेर पूरा भएका व्यक्तिहरूलाई सामूहिक जमानीमा प्रवाह गरिन्छ ।

शिक्षित युवा स्वरोजगार कर्जा कम्तीमा स्नातक तह वा सो सरह उतीर्ण युवाहरूलाई उनीहरूको सक्कल शैक्षिक प्रमाणपत्र धितो राखी रु.७ लाखसम्म प्रवाह गर्न सकिने छ । ४० वर्ष उमेर ननाघेको, घरेलु तथा साना उद्योग कार्यालय/समिति, सिप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लगायतका सरकारी निकायहरूबाट कम्तीमा ७ दिनको उद्यम वा व्यवसाय गर्ने सिप विकास तालिम अनिवार्य रुपमा लिएका व्यक्तिहरूलाई यस्तो कर्जा प्रवाह गरिन्छ ।

उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा माध्यमिक शिक्षा वा सो सरह उतीर्ण गरी २५ वर्ष उमेर ननाघेको नेपाली नागरिकलाई प्रवाह गरिन्छ । आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय वा लक्षित वर्गको विद्यार्थी, स्वेदशको कुनै कलेज वा विश्वविद्यालयमा अध्ययन गरिरहेको वा गर्ने व्यक्तिहरूलाई यस्तो कर्जा प्रवाह गरिन्छ ।

भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा सामूहिक वा धितो जमानीमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग निजी आवास निर्माण गर्न सम्झौता गरी आर्थिक अभावका कारण आवास निर्माण सुरु गर्न नसकेका भूकम्प पीडित व्यक्तिहरूलाई मात्र प्रवाह गरिने छ । नेपाल सरकारले निजी आवास अनुदान दिए वाहेक अरु संस्थागत अनुदान नपाएका, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग निजी आवास निर्माण गर्न सम्झौता गरी आर्थिक अभावका कारण हालसम्म आवास निर्माण सुरु गर्न नसकेका भूकम्प पीडित, ऋणी वा निजको परिवारको नाममा कुनै पनि स्थानमा बस्न योग्य घर नभएका व्यक्तिहरूलाई मात्र यस्तो कर्जा प्रवाह गरिने छ ।

बैंक तथा वित्तीय संस्थाहरूले सहुलियतपूर्ण कर्जा प्रवाह गर्दा भूकम्प पीडित, बाढी पहिरो पीडित तथा विपद् प्रभावित नागरिकहरूलाई पहिलो प्राथमिकता दिनुपर्ने, सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान प्राप्त गर्न ग्राह्य निवेदकलाई कुनै एक प्रकारको कर्जा मात्र उपलब्ध गराइने र नेपाल सरकारले व्याज अनुदान प्रदान गर्ने प्रकृतिका अन्य कुनै कर्जा लिएको व्यक्तिलाई थप यस्तो कर्जा उपलब्ध नगराइने कार्यविधिमा उल्लेख छ ।

# संघीय संरचनामा आर्थिक गतिविधि अध्ययन सम्बन्धी अन्तरक्रिया सम्पन्न

अनुसन्धान विभागले २०७५ असोज १५ गते प्रदेश नं. ५ को मुकाम बुटवलमा संघीय संरचनामा आर्थिक गतिविधि अध्ययन सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा सम्बोधन गर्दै प्रदेश नं. ५ का मुख्यमन्त्री शंकरप्रसाद पोखरेलले तथ्यांकलाई तथ्यपरक तथा विश्वासिलो बनाउन नेपाल राष्ट्र बैंक, प्रदेश सरकार तथा स्थानीय तहहरूले समन्वयात्मक भूमिका खेल्नुपर्ने बताउनु भयो ।

सहभागीहरूले सबै तहका सरकारलाई विकास निर्माणका योजनाहरू बनाउन सहयोगी हुने तथ्यांकको अभाव रहेको र यसका लागि नेपाल राष्ट्र बैंकले गर्दै आएको आर्थिक गतिविधि अध्ययन लगायतका विभिन्न अध्ययन अत्यन्त महत्वपूर्ण हुने हुँदा यसलाई निरन्तरता दिन आवश्यक रहेको कुरामा जोड दिएका थिए ।

उक्त कार्यक्रमको सञ्चालन अनुसन्धान विभागका उप-निर्देशक सुवास आचार्यले गर्नुभएको थियो ।

यस्तै अन्तरक्रिया अनुसन्धान कार्यालयका निर्देशक विनोदराज आचार्यले कार्यक्रमको महत्वमाथि प्रकाश पार्दै सहभागी सबैमा धन्यबाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रमको सञ्चालन अनुसन्धान विभागका सहायक निर्देशक मनोजकुमार के.सी.ले गर्नुभएको थियो ।




अन्तरक्रिया कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले संघीय संरचनामा आर्थिक गतिविधि अध्ययन विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यपत्र प्रस्तुतिका क्रममा उहाँले संघीय संरचनामा आर्थिक गतिविधि अध्ययनमा देखिएका समस्या तथा चुनौतीहरू र आगामी कार्यदिशा लगायतका विषयवस्तु माथि प्रकाश पार्नुभयो । सो अवसरमा उहाँले प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययनलाई निन्तरता दिन संघीय संरचनामा रहेका केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट नेपाल राष्ट्र बैंकलाई आवश्यक समन्वय र सहयोग प्राप्त हुने अपेक्षा व्यक्त गर्नुभयो ।

प्रदेश नं. ५ का विभिन्न मन्त्रालयका मन्त्रीहरू, प्रदेश योजना आयोगका उपाध्यक्ष, प्रदेश सरकारका सचिवहरू, तथ्यांक स्रोतको रुपमा रहेका नेपाल सरकारका जिल्लास्थित कार्यालयहरूका प्रमुख तथा योजना अधिकृतहरू, बैंक तथा वित्तीय संस्थाका प्रमुख एवम् प्रतिनिधिहरू र सञ्चारकर्मीहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सहभागीहरूले नेपाल राष्ट्र बैंकले गर्दै आएको आर्थिक गतिविधि अध्ययनका लागि तथ्यांक उपलब्ध गराउने कार्यालयहरू हाल प्रदेश सरकार अन्तर्गत रहेकाले अब कृषि ज्ञान केन्द्र, पशु अस्पताल तथा पशु विज्ञ केन्द्र, डिभिजन वन कार्यालयका अतिरिक्त कृषि निर्देशनालय, पशु सेवा निर्देशनालय, वन निर्देशनालयबाट समेत तथ्यांक संकलन गर्न सुझाव दिएका थिए ।

कार्यक्रममा विराटनगर विभागका निर्देशक हिमप्रसाद न्यौपानेको संयोजकत्वमा २०७५ असोज २३ गते प्रदेश नं. १ को विराटनगरमा सम्पन्न भयो ।

प्रदेश सरकारका सचिव, योजना अधिकृत, विभिन्न निर्देशनालयका निर्देशक, सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा निर्देशक न्यौपानेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यपत्रमाथि भएको अन्तरक्रिया

नेपाल राष्ट्र बैकले आर्थिक गतिविधि अध्ययनलाई समय सापेक्ष बनाउँदै बैंकका प्रदेशस्थित कार्यालयहरूको कार्यक्षेत्र भित्र रहेका आर्थिक गतिविधिमा अग्रणी भूमिका रहेका ५७ जिल्लाहरू छनौट गरी कृषि क्षेत्र, पशुपालन क्षेत्र, वन, सिँचाइ, उद्योग, पर्यटन, घरजग्गा, यातायात, शिक्षा, स्वास्थ्य, सञ्चार र बैंकिङ क्षेत्रमा भइरहेको गतिविधिलाई समेटी क्षेत्रगत रुपमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन अर्धवार्षिक रुपमा प्रकाशन गर्दै आइरहेको छ ।

नेपालको संविधान २०७२ जारी भएपछि गठन भएका तीन तहका सरकारहरूले यस्ता गतिविधिहरूलाई अझ तीव्र बनाउने र उल्लिखित गतिविधिमा क्रियाशील भई सेवा प्रवाह गरिरहेका कृषि, पशुपन्छी, वन, सिँचाइ, शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रका जिल्लास्थित कार्यालयहरू खारेज भएको सन्दर्भमा नेपाल राष्ट्र बैंकले आफ्ना स्रोत कार्यालयहरू परिवर्तन गरी तथ्यांक संकलन मार्फत आर्थिक गतिविधि अध्ययनलाई संघीय स्वरुपमा लैजान आवश्यक भएको सन्दर्भमा कार्यक्रमका सहभागीहरूले प्रदेश सरकार मातहत स्थापना भएका कृषि ज्ञान केन्द्र, पशु अस्पताल तथा पशु विज्ञ केन्द्र, डिभिजन वन कार्यालय, डिभिजन सिँचाइ कार्यालय, पर्यटन कार्यालय, जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहेको शिक्षा विकास तथा समन्वय एकाइ तथा स्वास्थ्य सम्बन्धी कार्यालयहरूलाई आगामी दिनमा तथ्यांकको स्रोत कार्यालयहरू बनाउन सकिने सुझाव दिएका थिए ।



# झापा र पाल्पामा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम

गभर्नरको कार्यालयका निर्देशक भीष्मप्रसाद उप्रेतीको प्रमुख आतिथ्यमा झापा जिल्लाको अर्जुनधारा ९, कालीस्थानस्थित श्री कालीस्थान माध्यमिक विद्यालयमा २०७५ कात्तिक १८ गते विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा निर्देशक उप्रेतीले नेपाल राष्ट्र बैंकको स्थापना तथा यसका कार्यहरू,



बचत, कर्जा, विप्रेषण, बीमा, शाखारहित बैंकिङ सेवा लगायतका विषयमा चर्चा गर्दै नेपाल राष्ट्र बैंकले लिएको सफा नोट नीति, नेपाली बैंक नोटको सुरक्षण विशेषता र जाली नोट पहिचान गर्ने उपायहरूका बारेमा प्रस्तुति दिनुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले नेपाली बैंक नोटको छपाई एवम् व्यवस्थापन, सुरक्षण विशेषता र जाली नोट पहिचान गर्ने तरिका बारेमा धेरै जानकारी प्राप्त भएको एवम् नेपाल राष्ट्र बैंकले गर्ने काम कारवाहीका साथै समग्र वित्तीय साक्षरताका सम्बन्धमा जानकारी प्राप्त भएको बताएका थिए ।

कार्यक्रममा उक्त विद्यालयका शिक्षकशिक्षिकाहरू, विद्याथीहरू, सहकारी संस्थाका पदाधिकारीहरू गरी १४० जनाको सहभागिता रहेको थियो ।

यसअघि पाल्पा जिल्लाको रम्भा १, हुँगीस्थित श्री जनकल्याण माध्यमिक विद्यालयमा २०७५ असोज १७ गते विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम आयोजना गरिएको थियो । रम्भा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक सुरेश पन्त, विद्यालयका सहायक प्रधानाध्यापक द्रोणराज न्यौपाने र लेखा शिक्षक श्यामप्रसाद पाठकले वित्तीय साक्षरताका विविध विषयमा प्रस्तुति दिनुभएको थियो ।

कार्यक्रममा उक्त विद्यालयका शिक्षकशिक्षिकाहरू, विद्याथीहरू र सर्वसाधारण गरी १५० जनाको सहभागिता रहेको थियो ।

# कालिकोट, मुगु र कावासोतीमा वित्तीय साक्षरता कार्यक्रम

नेपाल राष्ट्र बैंकको प्रायोजन र अन्ट्रप्रनर्स नेपालको आयोजनामा पश्चिम नेपालको विकट कालिकोट र मुगु जिल्लामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भयो ।

२०७५ कात्तिक ११ गते कालिकोटको मान्म बजारको प्रतिमा चोकमा आयोजित कार्यक्रममा खाँडाचक्र नगरपालिकाका उपप्रमुख विजया बिष्ट प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा उहाँले सबै तहका जनता वित्तीय रुपले सचेत भए मात्र देशमा आर्थिक समुन्नति हासिल हुने बताउनु भयो । वित्तीय ज्ञानको अभावका कारण धेरै जनताले दुःख पाइरहेको चर्चा गर्दै उहाँले जनतालाई वित्तीय साक्षर बनाउने यस्तो कार्यक्रम आयोजना हुनु सराहनीय कार्य भएको बताउनु भयो ।



कार्यक्रमका अध्यक्ष तथा गभर्नर को कार्यालयका सहायक निर्देशक रामकाजी खाइजूले देशको केन्द्रीय बैंकको रुपमा रहेको नेपाल राष्ट्र बैंकको काम कारवाहीका बारेमा चर्चा गर्नुभयो । साथै, उहाँले बैंक नोट जतनसाथ चलाउनु पर्नेमा जोड दिँदै यसले नोट छपाइ खर्च घट्ने र नोट प्रति सम्मान पनि हुने बताउनु भयो ।

बैंक तथा वित्तीय संस्थाहरू सर्वसाधारणको हितका लागि स्थापना भएको उल्लेख गर्दै उहाँले ती संस्थाहरूसँग कारोबार गर्न हिच्किचाउन नहुने र ती संस्थाहरूले बचत रकम निक्षेपको रुपमा स्वीकार गरी लगानीको अभाव भएका व्यक्तिहरूलाई कर्जा मार्फत सहयोग गर्ने भएकोले ती संस्था सर्वसाधारणको सहयोगी रहेको बताउनु भयो ।

कार्यक्रममा स्थानीय युवा, महिला, बालबालिका, व्यवसायी गरी करिब १५० जनाको सहभागिता रहेको थियो ।

यसै गरी २०७५ कात्तिक १२ गते कालिकोटको नाग्म बजारमा र २०७५ कात्तिक १४ गते मुगुको गमगढी बजारमा सहायक निर्देशक खाइजूको अध्यक्षतामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भयो । नाग्म बजारमा आयोजित कार्यक्रममा ७० जनाको र गमगढी बजारमा आयोजित कार्यक्रममा १५० जनाको सहभागिता रहेको थियो ।

यी तीन वटै कार्यक्रममा अन्ट्रप्रनर्स नेपालका प्रतिनिधिहरूको समूहले नाटक, गीत र कविता मार्फत वित्तीय चेतनामूलक प्रस्तुति दिएको थियो ।

यसअघि यस्तै वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आपसी बचत तथा ऋण सहकारी संस्था लि.ले नवलपरासी (पूर्व) को कावासोती नगरपालिकाको ग्रामिण क्षेत्रमा २०७५ असोज ४ गते सम्पन्न गरेको थियो ।

कार्यक्रममा उक्त सहकारी संस्थाका अध्यक्ष सत्येन्द्र तिम्सिना, लेखा समिति सदस्य निर्मलकुमार कार्की र गभर्नरको कार्यालयका उप-निर्देशक सुरेश पन्तले बैंक, बचत, ऋण, विप्रेषण तथा लगानी, बैंक नोटको जतन गर्ने काइदा र सफा नोट नीतिका बारेमा प्रस्तुति दिनुभएको थियो ।

उक्त कार्यक्रममा सर्वसाधारण महिला, बालबालिका, युवा, वृद्धवृद्धा गरी १२० जनाको उपस्थिति रहेको थियो ।

# वैदेशिक तालिममा सहभागिता

वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक सुनिल उदास २०१८ अक्टोबर २९ देखि ३१ सम्म अष्ट्रियामा आयोजित High Security Thread and Foils विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

उक्त कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक अभियान उपाध्याय पनि सहभागी हुनुहुन्थ्यो ।

संस्थागत योजना विभागका निर्देशक सुमनकुमार अधिकारी Bank of Indonesia ले २०१८ अक्टोबर २२ देखि २६ सम्म इण्डोनेसियामा आयोजना गरेको Risk Management in Central Bank & Public Institutions विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा सोही विभागका सहायक निर्देशक डण्डप्रसाद खरेल पनि सहभागी हुनुहुन्थ्यो ।

विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक सरिता भट्ट अधिकारी Asian Development Bank ले २०१८ अक्टोबर २३ देखि २४ सम्म अर्मेनियामा आयोजना गरेको 2018 Asian Regional Forum on Investment Management of Foreign Exchange विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका निर्देशक विश्रुत थापा IBFI ले २०१८ नोभेम्बर १२ देखि १६ सम्म फ्रान्समा आयोजना गरेको Stress Testing विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका कायम मुकायम निर्देशक राजनविक्रम थापा, विराटनगर कार्यालयका उप-निर्देशक ईश्वरकुमार कटुवाल तथा सहायक निर्देशकद्वय लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उमाकान्त थपलिया र बैंक तथा वित्तीय संस्था नियमन विभागका आलोकज्योति शाक्य Bank of Korea ले २०१८ अक्टोबर २३ देखि २६ सम्म कोरियाको सिउलमा आयोजना गरेको Financial Stability विषयक तालिममा सहभागी हुनुभयो ।

उप-निर्देशकद्वय बैंक सुपरिवेक्षण विभागका निभा श्रेष्ठ तथा बैक तथा वित्तीय संस्था नियमन विभागका पञ्चलक्ष्मी मानन्धर BIS ले २०१८ नोभेम्बर १४ देखि १५ सम्म मलेसियामा आयोजना गरेको FSI/EMEAP Regional Policy and Implementation Meeting विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक सुदिप फुयाल, सहायक निर्देशकहरू सोही विभागका सुवोधमान श्रेष्ठ, विकास बैंक सुपरिवेक्षण विभागका राजनप्रसाद रेग्मी र पदमराज जोशी SEACEN ले २०१८ अक्टोबर २८ देखि नोभेम्बर २ सम्म पपुवा न्युगिनीमा आयोजना गरेको Fundamental Course on Bank Examiners विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

सूचना प्रविधि विभागका उप-निर्देशक सौरभदास मानन्धर De Netherlands Bank ले २०१८ नोभेम्बर ५ देखि ६ सम्म नेदरल्याण्डमा आयोजना गरेको Strengthening Cyber-Resilience in the Financial Sector विषयक तालिममा सहभागी हुनुभयो ।

उप-निर्देशकहरू जनशक्ति व्यवस्थापन विभागका दुर्गेशगोपाल श्रेष्ठ, विदेशी विनिमय व्यवस्थापन विभागका बद्रीप्रसाद खकुरेल र वित्त व्यवस्थापन विभागका ताराप्रसाद ओझा तथा सोही विभागका सहायक निर्देशक राजेन्द्रप्रसाद रिजाल SEACEN ले २०१८ नोभेम्बर ७ देखि १० सम्म मलेसियामा आयोजना गरेको SEACEN Leadership Master Class II : Cultivating Leadership Resilience विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

राष्ट्र ऋण व्यवस्थापन विभागका उप-निर्देशक पुष्पा भण्डारी बराल तथा अनुसन्धान विभागका सहायक निर्देशक सौनभ श्रेष्ठ IMF-SARTTAC ले २०१८ नोभेम्बर १२ देखि १६ सम्म थाइल्याण्डमा आयोजना गरेको Fiscal Sustainability and Debt Sustainability Framework for Low Income Countries विषयक तालिममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उप-निर्देशक नविना ढकाल, राष्ट्र ऋण व्यवस्थापन विभागका उप-निर्देशक (कम्प्युटर) विविसेन महर्जन तथा सहायक निर्देशकद्वय जनशक्ति व्यवस्थापन विभागका जनकराज सापकोटा र अनुसन्धान विभागका समिरहरि शर्मा SEACEN ले २०१८ अक्टोबर २२ देखि नोभेम्बर २ सम्म हङकङमा आयोजना गरेको Macroeconomic Diagnostic विषयक तालिममा सहभागी हुनुभयो ।

मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक सम्झना ढकाल Dutch Bundesbank ले २०१८ नोभेम्बर १२ देखि १६ सम्म जर्मनीमा आयोजना गरेको Controlling at Central banks विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

नेपालगञ्ज कार्यालयका उप-निर्देशक शिवप्रसाद घिमिरे तथा सहायक निर्देशकहरू सोही कार्यालयका किरणकुमार श्रेष्ठ, लघु वित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका भीमप्रसाद अधिकारी र विकास बैंक सुपरिवेक्षण विभागका विष्णुप्रसाद सुवेदी SEACEN ले २०१८ नोभेम्बर १२ देखि १६ सम्म इण्डोनेसियामा आयोजना गरेको Liquidity Risk Management विषयक तालिममा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका उप-निर्देशक पुष्कर नेपाली सुर्खाली तथा सहायक निर्देशकद्वय सोही कार्यालयका केदारनाथ पौडेल र जनशक्ति व्यवस्थापन विभागका लेखनाथ दाहाल BOK ले २०१८ नोभेम्बर १३ देखि १६ सम्म कोरियामा आयोजना गरेको Payment & Settlement विषयक तालिममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक विना ढकाल पौडेल IMF-STI ले २०१८ अक्टोबर २९ देखि नोभेम्बर २ सम्म सिंगापुरमा आयोजना गरेको Macro-Stress Testing विषयक तालिममा सहभागी हुनुभयो ।

सहायक निर्देशकद्वय बैंकर्स प्रशिक्षण केन्द्रका बद्रीनाथ नेपाल र अनुसन्धान विभागका डा. टापप्रसाद कोइराला SEACEN ले २०१८ नोभेम्बर १३ देखि १४ सम्म मलेसियामा आयोजना गरेको Price-Setting Behavior and Inflation Dynamics in SEACEN Member Countries विषयक तालिममा सहभागी हुनुभयो ।

लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक शर्मिला श्रेष्ठ AFI ले २०१८ नोभेम्बर १२ देखि १६ सम्म मलेसियामा आयोजना गरेको BNM-AFI Training on AML/CFT Considerations and Approaches विषयक तालिममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक मिलादेवी बाराही SEACEN ले २०१८ नोभेम्बर ८ देखि ९ सम्म मलेसियामा आयोजना गरेको Cross-Border Interbank Contagion Risk Analysis विषयक तालिममा सहभागी हुनुभयो ।

मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक लोकेशकुमार न्यौपाने ISCB ले २०१८ नोभेम्बर १९ देखि २२ सम्म टर्कीमा आयोजना गरेको Cash Circulations Management विषयक सेमिनारमा सहभागी हुनुभयो ।

# अधिकृत तृतीय पदमा नयाँ नियुक्ति तथा पदस्थापन

बैंकमा रिक्त रहेको प्रशासन सेवा तर्फको सहायक निर्देशक (अधिकृत तृतीय) पदमा नियुक्तिका लागि सिफारिस गरिएका देहायका उम्मेदवारहरूलाई २०७५ कात्तिक ७ गतेदेखि बैंकको सहायक निर्देशक पदमा नियुक्त गरी विभिन्न विभाग तथा कार्यालयमा पदस्थापन गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

यस अनुरुप सहायक निर्देशकहरू रोशन दाहाललाई बैंक सुपरिवेक्षण विभागमा, अस्मिता खनाललाई बैंक तथा वित्तीय संस्था नियमन विभागमा, सागर गौतमलाई बैंक सुपरिवेक्षण विभागमा, मुकेशप्रसाद शाहलाई विकास बैंक सुपरिवेक्षण विभागमा, प्रितिका लामालाई बैंक तथा वित्तीय संस्था नियमन विभागमा, कैलाश राजभण्डारीलाई पोखरा कार्यालयमा, रामकृष्ण राईलाई विराटनगर कार्यालयमा, श्रीषा श्रेष्ठलाई विकास बैंक सुपरिवेक्षण विभागमा, राजु रायलाई बैंक तथा वित्तीय संस्था नियमन विभागमा, विनय केशरीलाई वीरगञ्ज कार्यालयमा, प्रसन्न पौडेललाई विदेशी विनिमय व्यवस्थापन विभागमा, मणि भण्डारीलाई वित्तीय जानकारी एकाइमा, अमिष ढुंगेललाई भुक्तानी प्रणाली विभागमा, प्रतिभा थापालाई अनुसन्धान विभागमा, प्रतिष्ठा पनेरुलाई विदेशी विनिमय व्यवस्थापन विभागमा, रविन भण्डारीलाई बैंक तथा वित्तीय संस्था नियमन विभागमा, कुशल श्रेष्ठलाई विदेशी विनिमय व्यवस्थापन विभागमा, रामचन्द्र आचार्यलाई अनुसन्धान विभागमा, दिपेश यादवलाई नेपालगञ्ज कार्यालयमा, पुष्कर खनाललाई सिद्धार्थनगर कार्यालयमा र संजिवकुमार खड्कालाई विदेशी विनिमय व्यवस्थापन विभागमा पदस्थापन गरिएको छ ।

यसै गरी सहायक निर्देशकहरू दिनेशप्रसाद भण्डारीलाई लघु वित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागमा, महेशकुमार जोशीलाई बैंक तथा वित्तीय संस्था नियमन विभागमा, रोजी थापा मगरलाई वित्तीय जानकारी एकाइमा, प्रतिक्षा रिजाललाई बैंक तथा वित्तीय संस्था नियमन विभागमा, कृष्ण सिग्देल तथा स्वेता तिमिल्सिनालाई मुद्रा व्यवस्थापन विभागमा, रमेश पौडेललाई राष्ट्र ऋण व्यवस्थापन विभागमा, मेरिना श्रेष्ठलाई वित्त व्यवस्थापन विभागमा, अश्लेषा खरेल तथा आशा मानन्धरलाई बैंकिङ कार्यालयमा, प्रतिभा थापालाई वीरगञ्ज कार्यालयमा, विनित जैन वैंगानीलाई सामान्य सेवा विभागमा, रमेश सारुलाई सिद्धार्थनगर कार्यालयमा, अनिलकुमार झालाई जनकपुर कार्यालयमा, रोलेन्द्रविक्रम जवेगुलाई अनुसन्धान विभागमा, दिपेश वनेपालीलाई सामान्य सेवा विभागमा, ममिता गुरुङ स्वारलाई जनशक्ति व्यवस्थापन विभागमा, नरेशकुमार सर्राफलाई वीरगञ्ज कार्यालयमा, विद्यामान महतारा तथा सुमन बलामीलाई नेपालगञ्ज कार्यालयमा, सोमराज नेपालीलाई वीरगञ्ज कार्यालयमा र द्रोणबहादुर सिंहलाई धनगढी कार्यालयमा पदस्थापन गरिएको छ ।

## प्रधान सहायक पदमा बढुवा तथा पदस्थापन

बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको प्रधान सहायक (सहायक प्रथम) पदमा बढुवाका लागि सिफारिस गरिएका देहायका सहायकहरूलाई प्रधान सहायक पदमा बढुवा गरी विभिन्न विभाग तथा कार्यालयमा पदस्थापन गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ असोज १२ गतेको परिपत्रमा जनाइएको छ ।

यस अनुरुप कृष्णप्रसाद खराललाई पोखरा कार्यालय, शारदा लोहनीलाई जनशक्ति व्यवस्थापन विभाग (कामकाज: वित्त व्यवस्थापन विभाग), रमेश सारुलाई सिद्धार्थनगर कार्यालय, जीतेन्द्रराज शाक्यलाई पोखरा कार्यालय, गोपीकृष्ण अर्याललाई बैंकिङ कार्यालय, रामकृष्ण राईलाई विराटनगर कार्यालय, सुशिल खनाललाई जनशक्ति व्यवस्थापन विभाग (कामकाज: सिद्धार्थनगर कार्यालय) तथा जुना श्रेष्ठलाई नेपालगञ्ज कार्यालयको प्रधान सहायक पदमा पदस्थापन गरिएको छ ।

## सरुवा

सामान्य सेवा विभागका कायम मुकायम निर्देशक आनन्द पौड्याल भुक्तानी प्रणाली विभागमा, सहायक निर्देशकहरू अनुसन्धान विभागका डा. महेशकुमार चौंलागाई तथा डा. शालिकराम पोखेल र बैंक तथा वित्तीय संस्था नियमन विभागका अनाडायर सुवेदी संस्थागत योजना विभागमा, वित्त व्यवस्थापन विभागका विष्णुप्रसाद गुरागाई तथा पाल्साङ लामा थिङ, सामान्य सेवा विभागका यामलाल सुवेदी र आन्तरिक लेखापरीक्षण विभागका रेशमबहादुर बल्छौडी लघु वित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागमा, अनुसन्धान विभागका जयन्ती चापागाई, विकास बैंक सुपरिवेक्षण विभागका राजनप्रसाद रेग्मी तथा पदमराज जोशी र राष्ट्र ऋण व्यस्थापन विभागका शशीदेवी कर्ण वित्त व्यवस्थापन विभागमा, वित्त व्यवस्थापन विभागका अशोककुमार राई र संस्थागत योजना विभागका मेघनाथ तिमिल्सिना विकास बैंक सुपरिवेक्षण विभागमा तथा अनुसन्धान विभागका डा. टापप्रसाद कोइराला राष्ट्र ऋण व्यस्थापन विभागमा सरुवा हुनुभएको छ ।

यसै गरी सहायक निर्देशकहरू लघु वित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका उमाकान्त थपलिया सामान्य सेवा विभागमा, बैंकिङ कार्यालयका मेघप्रसाद लामिछाने, विदेशी विनिमय व्यवस्थापन विभागका सुदिपकुमार न्यौपाने तथा सृजना बज्राचार्य र बैंक तथा वित्तीय संस्था नियमन विभागका सुमनराज डंगोल आन्तरिक लेखापरीक्षण विभागमा, बैंक सुपरिवेक्षण विभागका स्वरुप श्रेष्ठ वित्तीय जानकारी एकाइमा तथा आलोकज्योती शाक्य जनशक्ति व्यवस्थापन विभागमा, मुद्रा व्यवस्थापन विभागका सुरेन्द्र के.सी. बैंकर्स प्रशिक्षण केन्द्रमा, जनशक्ति व्यवस्थापन विभागका जनकराज सापकोटा, संस्थागत योजना विभागका स्वेक्षा शाक्य, वीरगञ्ज कार्यालयका टीकाराम तिमिल्सिना, सिद्धार्थनगर कार्यालयका रामप्रसाद न्यौपाने र नेपालगञ्ज कार्यालयका चोपकान्त सुवेदी अनुसन्धान विभागमा, बैंक तथा वित्तीय संस्था नियमन विभागका कृष्णबहादुर श्रेष्ठ बैंकिङ कार्यालयमा, जनकपुर कार्यालयका पुष्करराज भट्टराई, नेपालगञ्ज कार्यालयका भोजराज भट्ट र धनगढी कार्यालयका पुष्पराज शर्मा विनाडी विदेशी विनिमय व्यवस्थापन विभागमा, पोखरा कार्यालयका दिपेश प्रधान तथा धनगढी कार्यालयका पृथु शर्मा विनाडी बैंक तथा वित्तीय संस्था नियमन विभागमा र पोखरा कार्यालयका सुदिप त्रिपाठी तथा वीरगञ्ज कार्यालयका विशाल सर्राफ बैंक सुपरिवेक्षण विभागमा सरुवा हुनुभएको छ ।

साथै, विराटनगर कार्यालयका प्रधान सहायक संजिब बखेल बैंकिङ कार्यालयमा सरुवा हुनुभएको छ ।

## अनिवार्य अवकाश

नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०७४ (तेस्रो संशोधन समेत) मा भएको व्यवस्था अनुसार सिद्धार्थनगर कार्यालयका उप-निर्देशक कृष्णप्रसाद शर्माले ५८ वर्ष उमेर हदका कारण २०७५ कात्तिक १७ गते बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

यसै गरी, बैंकिङ कार्यालयका उप-सहायक विन्दु कार्कीले पनि बैंक सेवाबाट अवकाश प्राप्त गर्नुभएको छ ।

# वित्तीय संस्था कर्मचारी संघको शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न

गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्यमा नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक, केन्द्रीय समितिले २०७५ कात्तिक १९ गते बैंकको केन्द्रीय कार्यालय बालुवाटार परिसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गऱ्यो ।



२०७५ सालको बडा दशैं, शुभ दीपावली, छठ तथा नेपाल संवतको अवसरमा शुभकामना आदानप्रदान गर्न आयोजित उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले सबै कर्मचारी युनियन तथा कर्मचारीहरू आफ्नो काम र कर्तव्य प्रति ईमान्दार तथा सचेत हुनुपर्ने बताउनु भयो । बैंकले कर्मचारीहरूलाई दिइराखेको सेवा सुविधाको तुलना अन्य संघसंस्थासँग गर्न नहुने चर्चा गर्दै उहाँले सबैले केन्द्रीय बैंकको गरिमा उच्च हुने ढंगले कार्य सम्पादन गर्नुपर्ने बताउनु भयो । कार्यक्रममा उहाँले नेपालीहरूको महान चाड विजया दशमी, शुभ दिपावली, छठ तथा नेपाल संवतको शुभकामना व्यक्त गर्दै यी चाडवाडले सबैको परिवारमा सुख, शान्ति र समृद्धि ल्याओस् भनी कामना गर्नुभयो ।

कार्यक्रममा उहाँले २०७५ कात्तिक ७ गते देखि नेपाल राष्ट्र बैंक सेवामा प्रवेश गरेका नवनियुक्त सहायक निर्देशकहरूलाई खादा ओढाएर संघको तर्फबाट स्वागत गर्नुभएको थियो ।

डेपुटी गभर्नर शिवराज श्रेष्ठको उपस्थिति रहेको उक्त कार्यक्रममा बैंकका कार्यकारी निर्देशकहरू, निर्देशकहरू, संघका केन्द्रीय पदाधिकारीहरू, संघसँग आबद्ध प्रतिष्ठानका पदाधिकारीहरू, बैंकका अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

संघका केन्द्रीय अध्यक्ष रेशमराज रेग्मीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा केन्द्रीय महासचिव राजिव शर्मा रेग्मीले स्वायत्तता प्राप्त केन्द्रीय बैंकको कामकारवाही माथि हस्तक्षेप भइरहेको टिप्पणी गर्नुभएको थियो ।

संघका वरिष्ठ उपाध्यक्ष माधवप्रसाद अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष दीपक पोखरेल, नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल राष्ट्र बैंकका अध्यक्ष रेशमबहादुर बल्छौडी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, कर्मचारी सञ्चय कोषका अध्यक्ष अर्जुन आचार्य र नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्रिय समितिका अध्यक्ष पदमराज रेग्मीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको सञ्चालन संघका केन्द्रीय सचिव हरिकृष्ण भट्टराईले गर्नुभएको थियो ।



२०७२ सालको भूकम्पका कारण सो वर्षदेखि रोकिएको शुभकामना आदानप्रदान कार्यक्रमलाई संघले यस वर्षदेखि निरन्तरता दिएको कार्यक्रममा जानकारी दिइएको थियो ।

## डेपुटी गभर्नर शिवाकोटी र सञ्चालक डा. कर्ण जापान र अष्ट्रेलियामा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी र सञ्चालक डा.सुबोधकुमार कर्ण जापानी अर्थ मन्त्रालयले जापानको राजधानी टोक्योमा आयोजना गरेको 2nd Asia Forum on Reserve Management र Commonwealth Bank of Australia ले अष्ट्रेलियामा आयोजना गरेको 10th Commonwealth Bank Global Markets Conference मा सहभागी हुनुभयो । ती कार्यक्रमहरूमा सहभागी हुन डेपुटी गभर्नर शिवाकोटी २०१८ अक्टोबर २६ मा र सञ्चालक डा. कर्ण अक्टोबर २७ मा प्रस्थान गर्नुभई नोभेम्बर ११ मा काठमाडौं फर्कनुभएको थियो ।



डेपुटी गभर्नर शिवाकोटी



सञ्चालक डा. कर्ण

**प्रकाशक**

नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा

बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२

ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**

सुरेश पन्त

**सम्पादन सहयोगी**

रामकाजी खाइजू

समिता श्रेष्ठ

नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौँ, *फोन नं.* ०१-५७०६११६, ५७०५९१८